# आर्थिक बर्ष २०७५/०७६

# को

# बजेट वक्तव्य

पञ्चकन्या गाउँपालिका

गाउँ कार्यपालिकको कार्यालय

२०७५

उपाध्यक्ष सिता खड्का पराजुलीले

प्रस्तुत गर्नु भएको

आर्थिक बर्ष २०७५/०७६ को

बजेट वक्तव्य

पञ्चकन्या गाउँपालिका

गाउँ कार्यपालिकको कार्यालय

२०७५

**.सम्माननीय अध्यक्ष महोदय**

सदियौं देखी एकात्मक राज्य ब्यवस्था सञ्चालन गर्ने मुलुकको रुपमा रहदैं आएको नेपाल यतीवेला संघियता कार्यान्वयनको चरणमा अघि वढिसकेको छ । विभिन्न काल खण्डहरुमा नेपाली जनताले गरेको बलिदान पुर्ण जनआन्दोलन , जनयुद्ध ,मधेश आन्दोलन लगाएत अन्य सवै आन्दोलनवाट प्राप्त उपलब्धीहरुको रुपमा हामीले प्राप्त गरेको पञ्चकन्या गाउँपालिकालाई आत्मानिर्भर वनाई अघि वढ्ने काम जटिल र चुनौतीपुर्ण अवश्य छ , तर यसलाई नमुना पञ्चकन्या निमार्णको ऐतिहासिक अवसरको रुपमा लिएर अगाडि वढ्नुको विकल्प छैन ।

आज असार १० गते, स्थानिय तहको पहिलो चरणको निर्वाचन सम्पन्न भएको २ महिना पुरा भएको दिन म यस पञ्चकन्या गाउँपालिकाको उपाध्यक्षको हैसीयतले यस गरिमामय गाउँ सभामा आर्थिक वर्ष २०७५/०७६ को वार्षिक बजेट पेश गर्न उभिएको छु ।यस गौरव पुर्ण अवसरमा जनआन्दोलन, जनयुद्ध, मधेश आन्दोलन लगायतका संघर्षहरुमा आफ्नो जीवन उत्सर्ग गर्नुहुने सम्पुर्ण ज्ञात अज्ञात शहीदहरुप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु । साथै घाइते र बेपत्ता नागरीकहरु प्रति सम्मान प्रकट गर्दछु ।

राजनैतिक क्षेत्रमा हामिले ऐतिहासिक फड्को मारेका छौं । २ चरणको स्थानिय तहको निर्वाचन सम्पन्न भई स्थानिय शासन र विकास निर्माणमा प्रत्येक नागरीक आफैं संलग्न हुने वातावरण वनेको छ । यो समयलाई आर्थिक सामाजिक रुपान्तरणको अवशरको रुपमा उपयोग गरी जनचाहाना पुरा गर्ने अवको हाम्रो वाटो भनेको तीब्र आर्थिक विकास नै हो । आत्मानिर्भर र स्वाधिन अर्थव्यवस्था हाम्रो प्रस्थान बिन्दु हो, समाजवाद उन्मुख अर्थत्रन्त हाम्रो गन्तब्य हो ।

स्थानिय तहको गठन पश्चात आफ्नो गाउँठाउँ विकासमा जनताको अपनत्व वृद्धि हुन्छ । यस अवसरमा स्थानिय तहको निर्वाचनमा सहभागिता जनाई निर्वाचन लाई सफल वनाउन भुमिका खेल्नुहुने सम्पूर्ण पञ्चकन्या वासीहरु प्रति हार्दिक आभार प्रकट गर्न चाहान्छु ।

आर्थिक समृद्धितर्फको यात्रामा अग्रसर हुने माध्यमको रुपमा रहेको वार्षिक वजेट असार १० भित्र गाउँसभामा प्रस्तुत गर्नुपर्ने कानुनी वाध्यता छ । यसै क्रममा स्थानिय तहले पाएका संवैधानिक अधिकार,१४औं योजनाले परिलक्षित गरेका उद्धेश्यहरु तथा दिगो विकासको लक्ष्यहरु हासिल गरी सन् २०३० सम्ममा नेपाल लाई मध्यस्तरीय आय भएको मुलुकमा स्तरोन्नती गर्ने अभियानलाई थप टेवा पुग्ने गरी यस गाउँपालिकाको वजेट विनियोजन गरेको छु ।

देशको कमजोर आर्थिक वृद्धि ,बढ्दो मुद्रास्फीति ,भुकम्पवाट पुगेको क्षति जस्ता कुराहरुवाट पञ्चकन्या गाउँपालिका पनि अछुतो रहन सकेको छैन । तथापी सीमीत सरकारी वित्तिय हस्तान्तरण वाट प्राप्त अनुदान र सामान्य आन्तरीक राजश्वको स्रोतवाट पनि जनआकांक्षा पुरा गर्ने खालका योजना हरु तर्फ वजेटलाई डोर्‍याउने प्रयास भने अवश्य गरेका छौं ।

यो वजेट तयार गर्दा सम्म यस गाउँपालिकालाई सहयोग गर्ने विकास साझेदार हरुले कुनै रकम दिने प्रतिवद्धता जनाई नसकेको भएतापनी यस्ता सहयोगी साझेदारहरु संग निरन्तर संवाद जारी रहेको हुदाँ आर्थिक वर्षको विचमा प्राप्त हुने यस्ता रकमहरुलाई पुरक अनुमान वाट खर्च गर्न सक्ने ब्यवस्था गरी म्याचिङ फण्डको समेत ब्यवस्था गरेको छु ।

भौगोलीक विकटताको वावजुत आन्तरीक र वाह्य पर्यटन विकास मार्फत आर्थिक समृद्धिको ढोका खोल्न सक्ने अवशरहरु हाम्रा सामु रहेका छन् । कृषि र जलविद्युतको विकास वाट स्वावलम्वी अर्थतन्त्र निर्माण गर्न सक्ने हैसियत समेत यस गाउँपालिकाले राख्छ त्यसैले यस्ता क्षेत्रहरुको परिस्करण गर्दै गाउँपालिकालाई नमुना वनाउने अभियानलाई सार्थकता प्रदान गर्ने वाटो तर्फ वजेटलाई डोर्‍याउने प्रयास गरेको छु ।

यस गाउँपालिकाको आफ्नै आर्थिक ऐन समेत बनाईसकेको सन्र्दभमा यसवाट प्राप्त आन्तरिक आयवाट आउँदा दिनहरुमा भविस्यका मार्गचित्रहरु कोर्नको लागी थपवल अवश्य पुग्नेछ । यस्ता ऐन, नियमहरुलाई प्रभावकारी कार्यान्वयन गर्न आवश्यक पर्ने संस्थागत सुदृढिकरणको क्षेत्रलाई समेत समेट्ने गरी वजेटलाई मुर्तता दिने काम गरेको छु ।

ऐतिहासिक स्थानिय तहको निर्वाचन सम्पन्न पश्चात स्थानिय सरकारले तर्जुमा गरेको पहिलो वजेटमा समेटिएका यस गाउँपालिकाका र सो अन्तर्गतका वडाहरुमा संचालित योजनाहरुमा नै पूँजीगत खर्च ७० प्रतिशतको हाराहारीमा हुने अवस्था देखीनुले आगामी आ. व. मा यसमा अझै सुधार गरेर अघि बढ्न सक्ने मार्ग प्रशस्त देखिन्छ । स्थानिय तह जनप्रतिनिधि विहिन अवस्थाको अन्त्य सँगै विगतमा योजना सम्पन्न गर्न

आईपरेका समस्याहरुलाई स्थानिय सरकारको आगमनले सहज रुपमा समाधान हुँदै जाने कुरामा विश्वस्त छु ।

**सम्माननीय अध्यक्ष महोदय,**

यी सवै सकरात्मक उपलव्धी हुँदा हुँदै पनि पञ्चकन्याको अर्थतन्त्र चुनौती रहित भने छैन । अर्थतन्त्रमा देखिएका मुलभुत चुनौती हरु यसप्रकार प्रस्तुत गरीएको छ :-

- ✓ शताब्दियौं देखी एकात्मक राज्यप्रणलीको अभ्यास गरेका हाम्रा लागी संघियता व्यवस्थापन नौलो प्रयोग हो । भर्खरै गठन भएको स्थानिय तहको संस्थागत,प्राविधिक र स्रोत परीचालन क्षमता वृद्धि गर्ने तथा यसको पुर्वाधार निर्माणका लागी आवश्यक स्रोत व्यवस्था गर्ने कार्य चुनौती पुर्ण छ ।
- ✓ आयोजना छनौटमा हुने विशेषज्ञको अभाव,कमजोर व्यवस्थापकिय क्षमता,कानुनी, नीतिगत र प्रक्रियगत जटिलता का कारण आयोजनाहरु समयमा सम्पन्न हुन सक्ने अवस्था छैन । तसर्थ विनियोजनमा प्रभावकारतिा ल्याई लक्ष्य वमोजीम कार्यसम्पादन गर्नु चुनौतीपुर्ण रहेको छ ।
- ✓ जनताप्रतीको जिम्मेवारी र उत्तरदायित्वप्रतिको सचेतना विना स्थानिय तहवाट दिईने सेवाको सहज प्राप्ति हुन सक्दैन तसर्थ कानुनको परीपालना ,सेवा प्रवाहमा प्रभावकारीता , सृदृढ र सक्षम संस्थागत सुशासन कायम गरी सेवा प्रवाहमा चुस्तता ल्याउन चुनौतीपुर्ण छ ।
- ✓ भुकम्पवाट क्षती ग्रस्त सांस्कृतिक सम्पदा लगायत अन्य संरचनाहरुको पुननिर्माणमा भएको ढिलाईलाई चिर्दै पुनः निर्माणलाई नव निर्माणमा बदल्नु पर्ने चुनौती हाम्रो सामु छ ।

**सम्माननीय अध्यक्ष महोदय ,**

हाम्रा सामु विभिन्न चुनौतीहरु रहेता पनि स्थानिय सरकारको अवधारण पश्चात आगामी दिनमा यस क्षेत्र भित्र हुने आर्थिक क्रियाकलापका कारण उच्चदरको आर्थिक वृद्धि हुने आधार तय भएको छ । यस परिप्रेक्ष्यमा स्वायत्त स्थानीय सरकारको हैसियतमा विद्यामान अवशरहरुको सदुपयोग र चुनौतीहरुको सामना गर्ने गरी आगामी आर्थिक वर्षको वजेट  तयार गरेको छु । यो वजेटको उदेश्यहरु यसप्रकार प्रस्तुत गरेको छु ।

- ❖ संघियता कार्यान्वयनमा सहयोग गर्ने,

- ❖ दिगो, समावेशी र उच्चदरको आर्थिक वृद्धि हासिल गर्ने,
- ❖ गाउँपालिकावाट प्रदान गरीने सेवामा नागरीक पहुँच वृद्धि गर्ने,
- ❖ स्थानिय सरकारको अनुभुती हुने गरी सेवा प्रवाह गर्ने।

यी उद्देश्यहरु हासिल गर्नको लागी आगामी आर्थिक बर्षको वजेटका प्राथमिकताहरु देहाय वमोजीम निर्धारण गरेको छु ।

- ➢ संघियता कार्यान्वयन
- ➢ भुकम्पवाट क्षतीग्रस्त संरचनाहरुको पुन :निर्माण
- ➢ रोजगारीको अवसरमा वृद्धि
- ➢ सडक निर्माण र स्तरोन्नती
- ➢ गाउँपालिकाको भौतिक विकाश
- ➢ शिक्षा, स्वास्थ्य,खानेपानी र सरसफाईमा लगानी
- ➢ पर्यटन पुर्वाधारको विकाश तथा प्रवर्द्धन
- ➢ सार्वजनीक प्रशासन र सेवा प्रवाहमा सुधार
- ➢ कृषिको व्यवसायिकरण, आधुनीकिकरण र यान्त्रिकरण
- ➢ कृषिजन्य तथा पशुजन्य उत्पादनको भण्डारण तथा वितरण
- ➢ सामाजिक सुरक्षाको सुनिश्चितता

**सम्माननीय अध्यक्ष महोदय,**

अव म यीनै चुनौती उद्देश्य र प्राथमिकताको सेरोफेरोमा रहेर तयार गरिएको आगामी आर्थिक वर्षको बजेट तथा कार्यक्रमहरु प्रस्तुत गर्दछु ।

**संघियता कार्यान्वयनः**

नेपाली जनताको बलीदान पुर्ण संघर्षवाट प्राप्त संघियता कार्यान्वयन गर्न आवश्यक भौतिक संरचनाहरुको निर्माण,आफ्नै स्थानिय तहको ऐन, कानुन,नीति नियमावली र कार्यविधिहरु निर्माण गरी नागरीकलाई सेवा प्रवाह गरिनेछ । आफ्नै न्याय प्रणाली मार्फत स्थानिय स्तरमा न्यायीक कार्य संम्पादन गरिने छ । यसको लागी आवश्यक वजेट विनियोजन गरेको छु ।

नेपालको संविधानको अनुसुचि-८ मा व्यवस्था भएका अधिकांश कार्यहरु स्थानिय तहवाटै संञ्चालन हुने गरी भएका वित्तिय हस्तान्तरणको माध्यमवाट स्थानिय सेवा प्रवाह र विकास निर्माणका कार्यहरु आफैं सञ्चालन गर्न सक्ने गरी रकम विनियोजन मार्फत गाउँमा नै सिंहदरवारको अनुभुती हुनेगरी वजेटको लागी विभाग र मन्त्रालय धाउन पर्ने अवस्थाको अन्त्य गरेको छु ।

**कृषि :**

मुलुकको कुल गार्हस्थ उत्पादनमा करिब ३० प्रतिशत योगदान गर्ने र दुई तिहाई नेपालीको प्रमुख पेशाको रुपमा रहेको कृषिको व्यवसायिकरण र आधुनिकिकरण बिना समग्र देश तथा पञ्चकन्याको अर्थतन्त्रमा गुणात्मक सुधार हुन सक्दैन भन्ने मेरो मान्यता छ । त्यसैले कृषि क्षेत्रलाई परिस्कृत वनाउँदै उत्पादनमा वृद्धि गर्न तथा कृषि प्रणालीलाई वैज्ञानिक, व्यवसायिक र वातावरण तथा जलवायु अनुकुलित वनाउँदै आर्थिक वृद्धिको दिगो आधार तयार गर्न यस गाउँपालिकाको वडा नं १ लाई आलु ,वडा नं २ लाई मेवा र केरा,वडा नं ३ लाई अदुवा,वडा नं ४ लाई अलैंची र वडा नं ५ लाई सुन्तलाको पकेट क्षेत्र घोषणा गर्ने कार्यक्रमको सम्भाव्यता अध्ययनको लागि समग्र कृषि क्षेत्रको लागी रु ७८ लाख ९९ हजार .रकम विनियोजन गरेको छु ।

**सडक यातायात :**

सम्रग आर्थिक सामाजिक कियाकलापहरु विस्तार गर्ने, सेवा प्रवाहामा पहुँच वृद्धि गर्ने, गाउँपालिकाको कार्यालयलाई वडा कार्यालयहरु संग जोड्ने तथा गाउँपालिकामा रिङरोड निर्माण गर्ने परिकल्पना अनुरुप नयाँ सडक निर्माणको थालनी तथा पुराना सडकहरुको स्तरोन्नती गर्ने योजना स्वरुप सडक यातायातको लागि रु २ करोड ४९ लाख छुट्याएको छु ।

**सम्माननीय अध्यक्ष महोदय,**

पञ्चकन्या गाउँपालिका वडा नं १ २,३ र ५ मा दिगो खानेपानी वितरणको अभावमा स्वच्छ र शुद्ध खानेपानी सुविधावाट यस क्षेत्रका नागरिक वन्चित रहनु परेको तथ्य यहाँलाई अवगत नै छ । यसै कुरालाई मध्यनजर गर्दै यस आर्थिक वर्षमा यस गाउँपालिका भित्र खानेपानीको सहज उपलब्ध गराउने उद्धेश्यले सम्रग खानेपानी आयोजनाको लागी १ करोड ५१ लाख ७४ हजार विनियोजित गरेको छु । सो रकम वाट साना खानेपानी आयोजनाहरु

मात्र सम्पन्न गर्न सकिने हुँदा यसले यस क्षेत्रका जनताको माग वमोजिमको खानेपानीआपुर्ति हुन नसक्ने देखिएकोले एक घर एक धाराको नीति अनुरुप ठुला लगानी गर्न इच्छुक विकास साझेदारहरु DFID,UNICEF,UNDP, OXFAM RUDEC लगायतका अन्य गैरसरकारी संस्थाहरुसँग सम्वाद गरी यस आर्थिक वर्षको विचमा विकास साझेदारहरु वाट प्राप्त हुने रकममा गाउँकार्यापालिकाको पुँजिगत रकमवाट थप रु १ करोड (वैकल्पिक उर्जा समेत) Matching fund मा छुट्याएर ठुला खानेपानी आयोजना सम्पन्न गर्ने वाटो समेत खुल्ला राखेको छु ।

**पर्यटन** :-

पर्यटकिय प्रचुरता भएका प्रमुख स्थलहरुलाई पर्यटकिय गन्तव्यको रुपमा विकास गर्न गुरुयोजना तयार गर्ने र पर्यटकीय पदयात्रा मार्ग निर्माण तथा विकासको कार्यक्रमलाई प्राथमिकता साथ अघि वढाउने क्रममा यस क्षेत्रको लागी रु ८ लाख छुट्याएको छु ।

**स्वास्थ्य :-**

सबै पञ्चकन्यावासीले गुणस्तरीय स्वास्थ्य सेवा सुलभ दरमा प्राप्त गर्न सकुन् भन्ने उद्देश्यले म स्वस्थ मेरो गाउँ स्वस्थ, गाउँघर क्लीनीक, Birthing At HealthCenter जस्ता कार्यक्रमहरु संचालनमा ल्याउन तथा महिला स्वास्थ्य स्वयंसेवीकाहरुको क्षमता वृद्धि कार्यक्रम संचालन तथा मुटु रोगी,मृगौला र क्यान्सर रोगीहरुको अप्रेशन गर्न पर्ने अवस्थामा जनही ५० हजार सम्म सहयोग दिन सक्ने गरी आगामी आर्थिक वर्ष स्वास्थ्य क्षेत्रको लागि जम्मा रकम रु १ करोड ५२ लाख४५ हजार विनियोजन गरेको छु ।

**शिक्षा :-**

विद्यालय शिक्षालाई समतामुलक र गुणस्तरीय वनाउँदै विद्यालयको व्यवस्थापकिय क्षमता अभिवृद्धि गर्ने गरी विद्यालय क्षेत्र विकास कार्यक्रम स्थानिय तहवाटै संचालन हुने

हुँदा यसका लागी आ.व. २०७५/०७६ मा सम्रग शिक्षा क्षेत्रका लागी रु ७ करोड ७७ लाख ९९ हजार विनियोजन गरेको छु ।

**<u>संस्कृति :-</u>**

हाम्रो गाउँपालिकाको पहिचानको रुपमा रहेको हाम्रो कला, सभ्यता र मौलिक संस्कृतिको संरक्षण तथा सम्वर्द्धन मार्फत पर्यटन ब्यवसायलाई थप टेवा पुगोस् भन्ने अठोटका साथ यस क्षेत्रको लागि रु ३८ लाख ५० हजार विनियोजन गरेको छु ।

**<u>सिंचाई :-</u>**

कृषिको वैज्ञानिकिकरण र आधुनिकिकरण को अभियान त्यतिवेला मात्र गन्तव्यमा पुर्‍याउन सकिन्छ जव प्रत्येक जमिनलाई १२ महिना चल्ने सिंचाई सुविधाले सिञ्चीत गर्न सकिन्छ भन्ने मुल मन्त्रको आधारमा यस पञ्चकन्या गाउँपालिकाको आगामी आर्थिक वर्ष २०७५/०७६ को वजेटवाट रु १५ लाख सिंचाईको लागि विनियोजन गरेको छु ।

**<u>भु-क्षय नियन्त्रण तथा विपत् व्यवस्थापन :-</u>**

पहाडी धारिलो जमिनले अधिकांश भु-भाग ओगटेको यस गाउँपालिकामा वर्षायामको वाढि तथा पहिरोवाट सडक,सिंचाई तथा विद्यालयहरुमा पर्न जाने जोखिमहरु न्यूनिकरण गर्दै दिगो विकासको अवधारणलाई मूर्तरुप दिन भु-क्षय नियन्त्रणको लागि रु २० लाख २५ हजार ब्यवस्था गरेको छु ।

भवन :-

गाउँ गाउँमा सिंहदरवार पुर्‍याउने संघीय सरकारको अभियान स्वरुप जन्मन पुगेको पञ्चकन्या गाउँपालिकाको आफ्नै भवन नभएको हुँदा प्रभावकारी सेवा वितरणमा कठिनाई उत्पन्न हुन पुगेको अवस्थालाई मध्यनजर गर्दै दाताहरुवाट जग्गा प्राप्ती भएपश्चात गाउँपालिकाको पक्की भवन निर्माण गर्ने उदेश्यले तथा वडा नं १ को समेत आफ्नै भवन बनाउने सर्न्दभलाई विचार गरी आगामी आर्थिक वर्षमा भवन निर्माण सम्पन्न गर्नको लागि रु २१ लाख रकम भुक्तानी हुने व्यवस्था गरेको छु ।

**लक्षित कार्यक्रम :-**

महिला,वालवालिका,दलित,अल्पसंख्यक जस्ता वर्गहरुलाई सामाजिक सशक्तीकरण मार्फत गाउँपालिकाको विकास निर्माण लगायतका अन्य क्षेत्रमा समाहित गर्दै स्थानिय शासन संचालनको मुलधारमा मुल प्रवाहिकरण गर्न लक्षित कार्यक्रमको लागि रु २६ लाख ३० हजार विनियोजन गरेको छु ।

**युवा तथा खेलकुद :**

भविष्यमा खेलकुद मार्फत पञ्चकन्या गाउँपालिकालाई चिनाउन योगदान पुचाउन अन्तराष्ट्रिय खेलकुदमा सहभागिता जनाउने यस क्षेत्रका खेलाडीहरुको एक तर्फी हवाई टिकट र होटल वास खर्चको व्यवस्था गर्ने, राष्ट्रिय खेलकुदमा सहभागी भई स्वर्ण , रजत र कास्य पदक जित्ने खेलाडीहरुलाई क्रमशःरु १० हजार, ७ हजार र ५ हजार उपलव्ध गराउने तथा अन्तराष्ट्रिय खेलकुदमा स्वर्ण , रजत र कास्य पदक जित्न सफल खेलाडीहरु लाईृ क्रमश : रु ३० हजार, २० हजार ,१० हजार उपलव्ध गराउन आवश्यक रकम व्यवस्था गरेको छु ।

एक वडा एक खेल मैदान कार्यक्रमलाई पुर्णता दिनको लागी आ.व. ०७५/०७६ मा गाउँपालिका स्तरिय खेल मैदान निर्माणको लागि लप्टन डाँडा खेल मैदानलाई रु १५ लाख र अन्य वडाका खेल मैदान हरुको लागि एकमुष्ठ १० लाख सहित समग्र खेल क्षेत्रको लागि रु ७२ लाख विनियोजन गरेको छु ।

**सुचना र संचार :**

यस गाउँपालिकावाट सम्पादन भएका कार्यहरुलाई पारदर्शी वनाउन प्रयोग गरीने विभिन्न विज्ञापन, पोस्टरिङ,सार्वजनिक सुनुवाई जस्ता माध्यमहरुमा हुने खर्चको लागी रु ५ लाख विनियोजन गरेको छु ।

**बिबिध तथा भैपरी आउने कार्यक्रमहरु**

पञ्चकन्या गाउँपालिकालाइ चिनाउने गरि यसै आ.व. भित्र प्रत्येक वडाहरुवाट गाँउपालिका आउने मूख्य मूख्य नाकामा प्रवेशद्धार निर्माण गर्ने कार्य सम्पन्न गरिने छ । जसको शुरुवात स्वरुप यस आर्थिक वर्ष २०७५/०७६ को वजेट पञ्चकन्या गाउँपालिका सबै वडाहरुबाट गाउँपालिका प्रवेश गर्ने प्रवेशद्धार निर्माण सम्पन्न गर्नको लागि रु.२० लाख विनियोजन गरेको छु ।

गाउँपालिका भित्र संचालित योजनाहरुको अनुगमन गरि गुणात्मक नतिजा प्राप्तीको लागि तथा बिकाश प्रकृया र सरसफाई अभियानलाई सहज र सरल ढंगले सम्पन्न गर्न आवश्यक पर्ने सवारी साधन खरिदको लागि आगामी आर्थिक बर्ष २०७५/०७६ को आय व्ययको बिबरणबाट रु. १ करोड विनियोजन गरेको छु  साथै योजनाहरुको डि.पि.आर. निर्माण उद्योगहरुको आई.ई.ई. गर्न, गाउँपालिकाको प्रोफाईल निर्माण, स्वागत गेट निर्माण, सुचना प्रविधि, फर्निचर मेसिनरी औजार लगायत अन्य भैपरि आउने आर्थिक सामाजिक पुर्वाधार विकास, वातावरण तथा विबिध व्यवस्थापन जस्ता अन्य शिर्षकहरुमा ३ करोड ५२ लाख २५ हजार विनियोजन गरेको छु ।

**सम्माननीय अध्यक्ष महोदय,**

अब म आर्थिक वर्ष २०७५/०७६ मा यस गाउँपालिकाभित्र संचालन हुने मुख्य मुख्य आयोजनाहरु र उक्त शिर्षकहरुमा विनियोजन गरीएको रकमहरुको वारेमा कार्यक्रमगत रुपमा विस्तृत जानाकारी दिन चाहन्छु ।

**<u>सडक आयोजनाहरुः</u>**

| क्र. सं | सडक आयोजनाको नाम | विनियोजित रकम |
|---|---|---|
| | **पञ्चकन्या १** | |
| १ | मोटरबाटो | २८ लाख |
| | **पञ्चकन्या २** | |
| १ | सुवेदी डाँडा आले मिश्रगाँउ मोटरबाटो | १५ लाख |
| २ | पञ्चकन्या गा.पा. २ सडक मर्मत तथा सरसफाई | ५ लाख |
| ३ | साना किसान राईगाँउ तादी बगर सडक निमार्ण | ३ लाख |
| ४ | गुठिथोक मोहिपानि बराबोट मोटरबाटो निमार्ण | ३ लाख |
| ५ | बम्जन टोल महत कुलदेवता थान आलेटोल शान्तिटोल | १ लाख ५० हजार |

| | | |
|---|---|---|
| | मोटरबाटो निमार्ण | |
| ६ | रोटेपानि सन्सारी हुदै मोठभञ्ज्याङ मोटरबाटो निमार्ण | १ लाख |
| ७ | घडेरी हुदै मोक्तानटोल मोटरबाटो निमाार्ण | १ लाख |
| ८ | डिहिहुदै कुम्मेश्बर जोगीटार मोटरबाटो | १ लाख |
| | **पञ्चकन्या ३** | |
| १ | आँपरह राउटार ,मानेथोक ३ नं वडा कार्यालय विमिरे मिलडाँडा हुदै घलेभन्ज्याङ मोटर वाटो । ३ | २० लाख |
| २ | छतिवन वोट ,देउराली लप्टन डाँडा लाकुरीभन्ज्याङ हुदै घलेभन्ज्याङ मोटर वाटो ।३ | ४ लाख |
| ३ | ३ नं वडा अर्न्तगत छोटो दुरीका अन्य  मोटरवाटोहरु मर्मत । ३ | १० लाख |
| | | |
| | **पञ्चकन्या ४** | |
| १. | सातबिसे थप्रेक घलेभञ्ज्याङ सडक मर्मत वडा नं. ४ | १० लाख |
| २. | सातबिसे कंकेश्री मंगलामा.बि. सडक मर्मत वडा नं.४ | ७लाख |
| ३. | मंगला मा.बि. गम्बोडाडा टोड्केभञ्ज्याङ सडक मर्मत वडा नं.४ | ७लाख |
| ४. | राउटार उदयजालपा मंगला मजुवा बालकुमारी सडक मर्मत वडा नं.४ | ७लाख ५० हजार |
| ५. | स्वाराबेसी थप्रेक ९,८,५ पशुपती सडक मर्मत वडा नं.४ | ३ लाख |
| ६. | सालघारी घर्तिरुम्टा हिले सल्लाघारी सडक निर्माण वडा नं. ४ | ५ लाख |
| ७. | घलेभञ्ज्याङ कुलकुले आरुखर्क  बालकुमारी सडक निर्माण वडा नं. ४ | ५ लाख |
| ८. | मंगलामा.बि. गुरुङ कडाडा ठकुरीटोल भ्याङले सडक निर्माण वडा नं.४ | २लाख |
| ९. | मंगलामा.बि. मजुवाबालकुमारी सडक निर्माण वडा नं. ४ | ४लाख५०हजार |
| १०. | उदयजालपा  सैरेनी ३ नं. वडा कार्यालय सडक निर्माण वडा नं. ४ | २ लाख |
| ११. | स्वास्थ्यचौकीमंगला देबीमन्दिर सडक निर्माण वडा नं. ४ | १ लाख ५० हजार |
| १२. | ठुलोढुंगा नागढुंगा रुम्मकोस्वारा सडक निर्माण वडा नं. ४ | २ लाख |
| १३ | सडक मर्मत शिर्षक अर्न्तगत एकमुष्ठ ब्खर्च गर्ने गरी वडा नं. ४ | १३ लाख |
| १४ | उदयजालपा चम्टारी सडक मर्मत वडा नं. ४ | २ लाख |
| | **पञ्चकन्या ५** | |
| १ | कुण्डला घलेभञ्ज्याङ मोटरबाटो मर्मत | २ लाख |
| २ | राम्चे चौतारो कार्की खोल्चाटोल थापाको डिल बच्छला मा.वि. मतदान केन्द्र | २ लाख |
| ३ | कुण्डला, सुन्दरा प्रा. वि. बाँकेघर छेउ नाडण्ले थिङको घर मुनि विउरिनी मिश्र पधेरो छहरे पुल मोटर बाटो | २ लाख |
| ४ | बुढिशेरा, सेतीदेवि युवा क्लव, एक्लेमाने सडक | २ लाख |

| | | |
|---|---|---|
| ५ | भत्केको डिल सुवेदिटोल, भेडाबारी मा.वि. कालिका स्थान सडक | २ लाख |
| ६ | लामिछाने डोबाटो, आपघारी नयाँबस्ति पचासे फाँट सडक | १ लाख |
| ७ | बराको बोट नयाँगाँउ सुन्तलेटार जोड्ने सडक | १ लाख |
| ८ | चण्डीथान, बगरगाँउ बतासे सडक | १ लाख |
| ९ | छापथोक,धारापानी, बच्छला मन्दिर सडक | १ लाख |
| १० | कात्तिकेश्वर माहादेबस्थान जाने सडक | १ लाख |
| ११ | माहादेव खोला सुन्तलेटार जानेबाटोमा कजवे निमार्ण | २ लाख |
| १२ | सुन्तलेटार मिजारगाँउ भत्केको डिल सडक | १ लाख |
| १३ | साविक वडा नं६ बाटोमुनि घरको डरबाट धोविखोला सडक | ७ लाख |
| १४ | साविक वडा नं९ खारेबस्ति सडक | |
| १५ | जोगीदोवाटो गौतमटोल सल्ला घारी सडक | |
| १६ | साविक वडा नं९ वनगाँउ सडक | |
| १७ | सुन्तलीटार चौतारा सुन्दरास्थान सडक | |
| १८ | तल्लोकार्कीटोल भसभसे सडक | |
| १९ | डुडाको मुख सिम्ले गिदरी सडक | |
| २० | साविक वडा न.६ तितुङगटोल थापाको गहिरो थिङगको बारी नेवार पानी सडक | |
| २१ | जोगीटार मोड कविलास सडक | |
| २२ | तल्लो लामिटार फाँट जोगीटोलसम्म सडक | |
| २३ | वैद्यटोल राम्चे जोड्ने सडक | |
| २४ | गुमानटोलबाट कडेंलटोल जाने सडक | |
| २५ | डुडाको मुख तल्लोगाँउ जाने सडक | |
| २६ | सतरी वडा नं७ वच्छला मा.वि. लाकुरीभञ्ज्याङ सडक | २० लाख |
| २७ | बुढिशेरा बच्छला मा.वि. लाकुरीभञ्ज्याङसडक | |
| २८ | छहरे महिला भवन मिश्र पधेरो सडक | |

**शिक्षा तर्फका आयोजनाहरु :–**

| क.स. | आयोजना विवरण | विनियोजित रकम |
|---|---|---|
| १. | **पञ्चकन्या १** | |
| २. | शिक्षा | २ लाख ५० हजार |
| | **पञ्चकन्या ३** | |
| १. | पञ्चकन्या मा.वि फर्निचर खरिद एवम् कार्यालय व्यवस्थापन ।३ | २ लाख |
| २. | पञ्चकन्या सामुदायीक अध्ययन केन्द्र व्यवस्थापन । ३ | १ लाख |

| | | |
|---|---|---|
| ३. | वडा नं ३ अर्न्तगतका विद्यालयहरुमा गुणस्तर अभिवृद्धि कार्यक्रम ३ | १ लाख |

## खानेपानि तथा सरसफाई तर्फका आयोजनाहरु

| क.स. | आयोजना विवरण | विनियोजित रकम |
|---|---|---|
| | **पञ्चकन्या १** | |
| १. | खानेपानी तथा सरसफाई | १८ लाख |
| | **पञ्चकन्या २** | |
| १ | सम्युक्त खानेपानि निमार्ण | ५ लाख |
| २ | तिनधारे खानेपानि लिफ्ट खानेपानि निमार्ण | ७ लाख |
| ३ | सहरेटारबेसि कठेरी खानेपानि व्यवस्थापन | १० लाख |
| ४ | खानेपानि पाईप खरिद | ५ लाख |
| ५ | काप्राको फेद ट्याङकी निमार्ण | १ लाख |
| ६ | अलैची सिम मुहानगरी उप्रेन्द्र बासु खानेपानि निमार्ण | १ लाख |
| ७ | डम्बरसिम मुहान गरि वि.क.टोल खानेपानी निमार्ण | ५० हजार |
| | **पञ्चकन्या ३** | |
| १. | झगडे भित्ता मुहान गरी वाटामुनी टोल खानेपानि योजना। ३ | २ लाख |
| २. | रठ्ठा वोट ट्याङकी निर्माण। ३ | २५ हजार |
| | **पञ्चकन्या ५** | |
| १ | साबिक वडा नं ६ सिस्नेघारी मुहान भई सालघारी मुलघर बाटोमुनि नन्दरामदेखि डाँडाबारी दमाईटोल सम्म खानेपानी | १ लाख |
| २ | साबिक वडा नं६ ठुलाघर ट्याङकी मर्मत पुरानो खा.पा. | १ लाख |
| ३ | खत्रिबेस लिफ्ट खानेपानी | ३ लाख |
| ४ | विउरिनी औसेलुझाङ मुहानगरि भट्टीटोल, मोक्तानटोल, थपलियाटोल खानेपानी | १ लाख |
| ५ | धोविखोला मुहानगरि कार्किटोल मोठभञ्ज्याङ सम्युक्त लिफ्ट खानेपानि | २ लाख |
| ६ | साविक वडानं ५ चिसापानी खोल्सा मुहान गरि जिम्मलटोल,नेवारटोल स्कुलसम्म खानेपानि | १ लाख |
| ७ | साविक वडानं १ माझगाँउ डिटोल खानेपानि | १ लाख |

| | | |
|---|---|---|
| ८ | खोकुटार बुढिशेरा खा.पा. पाइप खरिद | ५० हजार |
| ९ | साविक नं३ मोक्तानटोल चौतारा खनाल लामिछाने टोल | १ लाख |
| १० | साविक वडा नं १ ट्याङकी मर्मत | ५० हजार |

| | | |
|---|---|---|
| | **स्वास्थ्य तर्फका** आयोजनाको विवरण | विनियोनित रकम |
| | **पञ्चकन्या ३** | |
| १ | महिला स्वास्थ्य स्वयम् सेविका प्रोत्साहन ३। | १ लाख २० हजार |
| २ | गाँउघर किलनिक भवन निमार्ण एवम् व्यावस्थापन पञ्चकन्या ३ | ५ लाख |

**संस्कृति तर्फका आयोजनाहरुः**

| क्र.स. | आयोजना विवरण | विनियोजित रकम |
|---|---|---|
| १. | **पञ्चकन्या १** | |
| | सस्कृति प्रवद्धन | ३ लाख ५० हजार |
| | **पञ्चकन्या २** | |
| १ | राक्सेश्वर मन्दिरमा पार्टि निमार्ण | २ लाख |
| २ | मिश्रगाँउ भ्यूटावर निमार्ण | ५ लाख |
| ३ | दिगो महिला भवन मर्मत | ५० हजार |
| ४ | मिजार समुदाय संस्कृति प्रर्वद्धन | ५० हजार |
| ५ | शान्ति विद्या प्रा.वि. कम्पाउड निमार्ण | २ लाख |
| | **पञ्चकन्या ३** | |
| १. | देउराली पाटि निमार्ण। ३ | १ लाख ८० हजार |
| २. | सल्ला घारी मरण पाटि निर्माण | १ लाख |
| ३. | कालिका वनदेवी मन्दिर मर्मत पञ्चकन्या ३ | ५० हजार |
| ४. | तलाङज्योलिङ गुम्वा ३ | ५० हजार |
| ५ | पर्व उत्सव मेला सास्कृतिक कार्याक्रम। ३ | १ लाख |
| ६. | माहाकाली देवी मन्दीर निर्माण पञ्चकन्या ३ | १ लाख |

| | | |
|---|---|---|
| ७. | सेती देवी मन्दिर मर्मत पञ्चकन्या ३ | १ लाख |
| ८. | धनेश्वर मुहाने मन्दिर निमार्ण पञ्चकन्या ३ | ५० हजार |
| ९. | देउराली मरण पार्टि निर्माण पञ्चकन्या ३ | १ लाख |
| १० | गौमती मरण घाट व्यवस्थापन पञ्चकन्या ३ | १ लाख |
| | **पञ्चकन्या ४** | |
| १. | साबिक वडा नं. २ ठुलो मरण पाटी निर्माण वडा नं.४ | २लाख |
| २. | साउने मरण पाटी निर्माण वडा नं. ४ | १लाख |
| ३. | जलपादेब मन्दिर निर्माण वडा नं. ४ | २ लाख |
| ४. | शिबलिङगेश्वर मन्दिर निर्माण वडा नं. ४ | १ लाख |
| ५. | दमैडाडा सुन्दरादेबी मन्दिर निर्माणवडा नं. ४ | १लाख २० हजार |
| ६. | तौली गुम्ब मर्मत वडा नं. ४ | १लाख |
| ७. | त्रिरत्न छोइलिङ गुम्बा मर्मत वडा नं. ४ | १लाख |
| ८. | लोज्याङ गुम्बा निमार्ण वडा नं. ४ | १लाख |
| | **पञ्चकन्या ५** | |
| १ | साविक वडा नं ९ वनगाँउ तामाङटोल चिहानडाँडा पार्टि | १ लाख |
| २ | साविक वडा नं५ तामाङ मरण पार्टि | १ लाख |
| ३ | सिरिसबोटे डिखोला मरण पार्टि | १ लाख |
| ४ | बच्छला मन्दिर | १ लाख ५० हजार |
| ५ | कात्तिकेश्बर महादेव मन्दिर मर्मत | १ लाख |

## सिञ्चाई तर्फका आयोजनाहरु

| क्र.स. | आयोजनाका विवरणहरु | विनियोजित रकम |
|---|---|---|
| | **पञ्चकन्या १** | |
| १. | सिञ्चाई | ३ लाख |
| | **पञ्चकन्या ३** | |
| १. | ३ नं वडामा आवश्यक स्थानको लागी सिंचाई पाइप खरिद पञ्चकन्या ३ | २ लाख |
| २. | राउटार लिफ्ट सिञ्चाई पञ्चकन्या ३ | १ लाख |
| | **पञ्चकन्या ५** | |
| १ | साबिक वडा नं १ पचासेफाँट कोले खोल्चा सिञ्चाई मर्मत | ७५ हजार |
| २ | खोले खेत चामबोटे गुमानेटोल सिञ्चाई | ७५ हजार |

| | | |
|---|---|---|
| ३ | बुढिशेरा मुहानगरि सिरिसबोटे चालिसेफाँट सिंचाई | ७५ हजार |
| ४ | खहरेखोला मुहान बासकोटे पुच्छार कटुवाफाँट सिंचाई | १ लाख |
| ५ | चिउरेखोला मुहानगरि पिरकाटेफाँट सिँचाई | १ लाख |
| ६ | घट्टेखोला मुहान साविक वडा नं १ साउने सुनखानीटोल सिंचाई | ७५ हजार |
| ७ | महादेवखोला मुहानगरि स्वारेकात्तिकेफाँट सिंचाई | ५० हजार |
| ८ | चिपचिपे खोल्सा मुहानगरि सत्तारथोक सिंचाई | ५० हजार |

## वालबालिका,युवा,महिला तर्फका आयोजनाहरु

| | | |
|---|---|---|
| | **पञ्चकन्या ३** | |
| १. | महिला शसक्तिकरण पञ्चकन्या | १ लाख |
| | पञ्चकन्या ४ | |
| १ | महिला भवन निर्माण वडा नं४ | १ लाख |
| २ | महिला स्वयंमसेबिका वडा नं. ४ | ८० हजार |
| ३ | सामुदायिक अध्ययन केन्द्र वडा नं. ४ | १ लाख ५० हनार |
| | **पञ्चकन्या ५** | |
| १ | साविक २ नमोवुद्ध महिला समुह भवन निमार्ण | १ लाख |
| २ | महिला,बालवालिका तथा जनजातिका लागी | ५० हजार |
| ३ | सुधारिएको आरन वितरण | ५० हजार |

## नदि नियन्त्रण तथा भु संरक्षण तर्फका आयोजनाहरु :

| क्र.स. | आयोजना विवरण | विनियोनित रकम |
|---|---|---|
| | **पञ्चकन्या ३** | |
| १. | देवकी धरम आ.वि भुक्षय नियन्त्रण पञ्चकन्या ३ | १ लाख |
| २. | सिह देवी आ.वि भुक्षय नियन्त्रण पञ्चकन्या ३ | १ लाख |
| ३. | तिसे खहरे नियन्त्रण पञ्चकन्या ३ | ५० हजार |
| ४. | विपद व्यवस्थापन | २५ हजार |
| | **पञ्चकन्या ५** | |
| १ | ढोडिनी खेत पहिरो नियन्त्रण | १ लाख ५० हजार |
| २ | डुडाको मुख पहिरो नियन्त्रण | १ लाख |

**पयर्टन पुर्वाधार तर्फका आयोजनाहरु :**

| क्र.स. | आयोजना विवरण | विनियोजित रकम |
|---|---|---|
| | **पञ्चकन्या ३** | |
| १. | वडा कार्यालय वहरे चौतारो निर्माण पञ्चकन्या ३ | २ लाख |
| २. | पञ्चकन्या मन्दिर पद मार्ग निर्माण पञ्चकन्या ३ | ५ लाख |
| ३. | घलेभन्ज्याङ चौतारो निमार्ण पञ्चकन्या ३ | १ लाख |

**कृषि तर्फका आयोजनाहरु :**

| क्र.स. | आयोजनाको विवरण | विनियोजित रकम |
|---|---|---|
| | **पञ्चकन्या १** | |
| १. | कृषि तर्फ | २ लाख |
| | **पञ्चकन्या २** | |
| १ | धान मकै मुलविउ वितरण | १ लाख ५० हजार |
| २ | मिनी किट वितरण | १ लाख |
| ३ | टनेल ५० प्रतिशत अनुदान वितरण | १ लाख |
| ४ | नर्सरी व्यवस्थापन | ५० हजार |
| ५ | हेलेन स्विट पोटेटो खेति | ५० हजार |
| ६ | आप, केरा, मेवा बेर्ना वितरण | ३ लाख |
| | **पञ्चकन्या ३** | |
| १. | दुध संकलन केन्द्र स्थापना पञ्चकन्या ३ | १ लाख |
| | **पञ्चकन्या ५** | |
| १ | मिनिकिट वितरण | २५ हजार |
| २ | कृषि तथा पशुसेवा केन्द्र स्थापना | १ लाख |
| ३ | सुन्तलाखेति पकेट क्षेत्र | २५ हजार |

**भवन निर्माण आयोजना :**

| क्र.स. | आयोजना विवरण | विनियोजित रकम |
|---|---|---|
| | **पञ्चकन्या १** | |
| १ | भवन | ७ लाख |
| | पञ्चकन्या ३ | |

| | | |
|---|---|---|
| १. | पञ्चकन्या ३ वडा कार्यालय भवन निर्माण सम्पन्न गर्ने | २ लाख |

## युवा तथा खेलकुद तर्फका आयोजना

| क्र.स. | आयोजना विवरण | विनियोजित रकम |
|---|---|---|
| | **पञ्चकन्या १** | |
| १. | विविध | १ लाख |
| | **पञ्चकन्या २** | |
| १ | खेलकुद प्रवर्द्धन | १ लाख |
| २ | महिला ससक्तिकरण | १ लाख ५० हजार |
| ३ | विपद् व्यवस्थापन | १ लाख |
| ४ | बालमैत्री कार्यक्रम | २ लाख |
| ५ | महिला स्वयंसेविका क्षमता विकास | १ लाख |
| ७ | कविलास सामुदायिक अध्ययन केन्द | १ लाख |
| | **पञ्चकन्या ३** | |
| १. | पञ्चकन्या जनकल्याण युवा समाज पञ्चकन्या ३ | १ लाख |
| २. | खेदकुद पर्वद्धन कार्यक्रम पञ्चकन्या ३ | ५०हजार |
| | पञ्चकन्या ५ | |
| १ | विपद् व्यवस्थापन | १ लाख |

**अन्य:**

## गाउँपालिका स्तरीय कार्यक्रम :

| | | |
|---|---|---|
| १ | मेशीनरी औजार | १० लाख |
| २ | आई.ई.ई. | १५ लाख |
| ३ | विद्युत पोल खरिद | ३० लाख |
| ४ | दैवि प्रकोप व्यवस्थापन | १५ लाख |
| ५ | गाउँपालिका प्रोफाईल निमार्ण | ७ लाख |
| ६ | महिला वालवालिका क्षमता अभिवृद्धि तथा शिपविकास | २० लाख |
| ७ | खेलकुद प्रवर्द्धन | ३५ लाख |
| ८ | पञ्जिकरण व्यवस्थापन | ५ लाख |

| | | |
|---|---|---|
| ९ | स्थानीय तथ्याङक संकलन र अभिलेख व्यवस्थापन | १० लाख |
| १० | शिक्षक स्वयमंसेवक कार्यक्रम | ४० लाख |
| ११ | स्वास्थ्य शिक्षा प्रवर्द्धन फण्ड | १२लाख |
| १२ | गाँउपालिका स्तरिय खेलमैदान निमार्ण | १५ लाख |
| १३ | वडा स्तरिय खेल मैदान निमार्ण | १० लाख |
| १४ | पशुसेवा | २५ लाख |
| १५ | कृषि सेवा | २० लाख |
| १६ | स्वास्थ्य सेवा | १५ लाख |
| १७ | सिमरा सिंचाई | ३ लाख |
| १८ | सहकारी तथा अन्य भवन निमार्ण | १५ लाख |
| १९ | दलित, जनजाति,अपाङग, अल्पसंख्यक | ७ लाख |
| २० | क्रमागत भवन निर्माण ३ नं वडा कार्यालय | १२ लाख |
| २१ | गाँउपालिका स्तरिय सडक निमार्ण/मर्मत | ४० लाख |
| २२ | मनोसामाजिक | १ लाख |
| २३ | नमुना विद्यालय सप्तकन्या आ.वि. | ६ लाख |
| २४ | फर्निचर | ५० लाख |
| २५ | आर्थिक सहयोग( विभिन्न रोग तथा अन्य) | १५ लाख |
| २६ | सुचना प्रविधि | १५ लाख |
| २७ | सवारी साधन खरिद | १ करोड |
| २८ | म्याचीङ फण्ड (खानेपानी तथा वैकल्पिक उर्जा) | १ करोड |
| २९ | गाउँपालिका प्रवेश गर्ने प्रवेश द्धार निर्माण | २० लाख |
| ३० | विभिन्न योजनाहरुको डि. पि. आर. निर्माण | ४० लाख |
| ३१ | आकस्मिक रुपमा आईपर्ने आर्थिक, सामाजिक, पूर्वाधार, वातावरण तथा विविध व्यवस्थापन र संस्थागत विकास, सेवा प्रवाह सुशासन सम्वन्धि योजनाहरु | ७१ लाख ६७ हजार |
| | | |

**सम्माननीय अध्यक्ष महोदय,**

अव म वजेटको विनियोजन र स्रोतको ब्यवस्था सम्वन्धी योजना प्रस्तुत गर्दछु । नेपालको संविधानको अनसुचि-८ मा ब्यवस्था गरिएका स्थानिय तहका अधिकारका विषयमा आफ्नै आर्थिक

ऐन निर्माण गरि सकिएको हुँदा आन्तरीक स्रोतमा सुधार हुने अवस्था हाम्रो सामु छ । जनचाहनाका आयोजनाहरुमा रकम विनियोजन गरी संघियता कार्यन्वयनको महाअभियान समयवद्ध रुपमा सम्पन्न गर्न साधनस्रोतको उच्चतम् प्रयोगलाई प्राथमिकता दिएको छु ।

आगामि आर्थिक बर्षका लागी रु २४ करोड ७५ लाख ९१ हजार विनियोजन गरेको छु । कुल विनियोजन मध्ये चालुतर्फ ११ करोड ७४ लाख ४४ हजार अर्थात ४७.४ प्रतिशत र पुँजीगत तर्फ रु १३ करोड १ लाख ४७ हजार अर्थात ५२.६ प्रतिशत रहेको छ । यो खर्च अनुमान गत आ.व.को तुलनामा भ्न्डै १.३ गुणाले वढि हो । सरकारी ससर्त वित्तिय अनुदान स्वरुप संघिय सरकारवाट प्राप्त ८ करोड ८८ लाख रुपैंया चालु खर्चमा लेखाङ्कन गर्नुपर्ने प्रावधानले गर्दा चालु खर्चको अंश केहि बढि देखिन गएको छ ।

कुल वजेट मध्ये गाउँकार्यपालिका वाट १ करोड ८६ लाख ४४ हजार चालु खर्च र ८ करोड ५१ लाख ४७ हजार पूँजिगत खर्च रहने गरी , विषयगत शाखाहरुवाट ८ करोड ८८ लाख ७८ हजार रुपैयाँ चालू खर्च स्वरुप र वडा समितिहरुवाट १ करोड चालु तथा ४ करोड ५० लाख पुँजिगत खर्च हुनेगरी वित्तिय व्यवस्थापन गरेको छु । भरखरै गठन भएको स्थानीय तह भएकाले गाउँपालिकाको आफ्नै सवारी साधन नहुनु, खानेपानीका ठुला आयोजनाहरु संचालन गर्न Matching fund राख्नु पर्ने जस्ता कारणले गाउँकार्यपालिकामा छुट्याईएको पुँजीगत रकमको अंश वढी देखिन गएको हो ।

आगामि आर्थिक वर्षको लागि अनुमान गरिएको खर्च ब्यहोर्ने स्रोत मध्ये आन्तरीक राजश्ववाट रु ३० लाख, संघिय सरकारवाट प्राप्त वित्तिय समानीकरण अनुदानवाट रु ६ करोड २१ लाख, शसर्त अनुदान वाट ८ करोड ८८ लाख, राजश्व वाँडफाँडवाट ४ करोड २३ लाख ६६ हजार प्रदेश सरकार वाट प्राप्त वित्तिय समानीकरण अनुदानवाट रु ७६ लाख ९४ हजार, शसर्त अनुदानवाट रु १ करोड ३६ लाख ८० हजार, राजश्व वाँडफाँड हस्तान्तरणवाट ८९ लाख ५८ हजार व्यहोर्दा न्यून हुन आउने रु २ करोड ९ लाख ९३ हजार चालु आ.व.को नगद मौज्दातबाट ब्यहोरिने छ ।

**सम्माननीय अध्यक्ष महोदय,**

म आर्थिक वर्ष २०७५/०७६ का लागि राजस्व परिचालनको नीति तथा कार्यक्रम निम्नानुसार प्रस्तुत गर्दछु ।

नेपालको संविधानले परिकल्पना गरे अनुरुप हामीले पञ्चकन्या गाउँपालिकाको यस आ. व. २०७५/०७६ का आर्थिक ऐन जारी गरीसकेको कुरा अवगत नै छ । उक्त ऐनको प्रभावकारी कार्यान्वयन मार्फत सबै गाउँपालिका वासीहरुलाई करको दायरामा ल्याउन करदाता शिक्षा,करको

दायरा विस्तार, राजस्व चुहावट नियन्त्रण जस्ता कार्यक्रमहरु संचालनमा ल्याई आन्तरिक राजस्व वृद्धि गर्ने तथा आवश्यक सुधार गरी आत्मनिर्भर गाउँपालिका निर्माणको थालनि गरीने छ ।

आगामी साउन १ गते देखि नै आर्थिक ऐनले निर्दिष्ट गरेका विषयहरुसँग सम्वन्धित नागरीक तथा व्यवसायिहरुलाई आफ्नो व्यवसाय अभिलेखिकरण गर्न विभिन्न संचार माध्यामवाट आह्वान गरी सम्वृद्ध अर्थतन्त्रको निर्माण वाट तिव्र आर्थिक विकास तर्फको वाटो पहिल्याउने प्रक्रिया सुरु गरिने छ ।

**<u>सम्माननीय अध्यक्ष महोदय,</u>**

यस बजेटको कार्यान्वयनबाट आर्थिक क्रियाकलापमा उल्लेख्य विस्तार भई राज्यले राखेको ७.२ प्रतिशत आर्थिक वृद्धिदर हासिल हुने लक्ष्यमा थप वल मिल्नेछ । यो वजेटको कार्यान्वयनवाट यस गाउँपालिका भित्रका जनशक्तीहरु लाई थप नयाँ रोजगारीका अवसरहरु सिर्जना हुने अपेक्षा गरेको छु ।

प्रस्तुत वजेट तर्जुमामा मार्गनिर्देशन गर्नु हुने सम्माननीय अध्यक्ष ज्यू ,माननीय गाउँसभाका सदस्य ज्यूहरु , राजनैतिक दलका नेताज्यूहरु प्रति हार्दिक आभार प्रकट गर्दछु । वजेट छलफलका क्रममा आ-आफ्ना तर्फवाट अमुल्य सुझावहरु प्रदान गर्नुहुने विभिन्न समितिका पदाधिकारीहरु, छिमेकी गाउँपालिकाका समकक्षी मित्रहरु, राष्ट्रसेवक कर्मचारीहरु, वुद्धिजिवि,निजि क्षेत्रका संघ संगठनहरु,नागरीक समाज तथा सामुदायीक संस्था, सामाजिक संगठनहरु ,प्रत्रकारहरु लगायत यस गाउँपालिका भित्र, देश तथा विदेशमा रहनु भएका पञ्चकन्यावासी आमा वुवा दिदि वैनी, दाजुभाईहरु सवैलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

अन्त्यमा गाउँको विकास र समृद्धिमा निरन्तर सद्भाव र सहयोग पुर्‍याउने आम नागरकि, करदाता, पञ्चकन्याको हित र समुन्नतीमा कार्यरत सबै बिकास साझेदार, सरकारी,गैरसरकारी तथा सामुदायीक संस्थाहरुप्रती हार्दिक आभार व्यक्त गर्दै बजेटको सफल कार्यान्वयनमा सबैको खुल्ला सहयोगको अपेक्षा गर्दछु ।

समस्याहरु धेरै छन्, सबैको एकैपटक समाधान सम्भव छैन र हुन पनि सक्दैन । वर्तमान वस्तुगत यथार्थको धरातलमा उभिएर चुनौतीहरुको सामना गर्दै नयाँ अवसरको सिर्जना गर्न हामि सवै कटिवद्ध, प्रतिबद्ध,र एकतावद्ध बनौ । उज्वल भविष्य निर्माणको लागी आशावादी बनौ, नमुना पञ्चकन्या निर्माणमा सहभागी बनौं ।

**नोट** : सर्सतको वजेट सबै चालुमा राखिएको छ ।

**धन्यवाद**